नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
रोल्पा

E-mail: rolpadao@gmail.com
फोन:०८६४४०११०

प.सं.-०८२/०८३
च.नं. :-

सूचना प्रकाशित मितिः २०८२।०५।१५

सूचना ।                    सूचना ।।                    सूचना ।।।

मिति २०८२।०४।१० गते शनिबारका दिन बसेको सर्वपक्षीय बैठकले गरेको निर्णयबाट अनुरोध भई आए बमोजिम मिति २०८२।४।१० गते शनिवार वसेको जिल्ला सुरक्षा समिति रोल्पाको निर्णयानुसार यस वर्षको मनसुनजन्य विपदका कारण आउने बाढी पहिरोबाट हुन सक्ने धनजनको क्षतिलाई न्यूनीकरण गर्न मिति २०८२।०४।१० देखि २०८२।०५।१५ गतेसम्म ६:०० बजेदेखि बिहान ५:३० बजेसम्म रातको समयमा सवारी साधनहरु सञ्चालनमा रोक लगाइएकोमा अझै पनि मनसुन सक्रिय अवस्थामै रहेको, मध्यम तथा भारी वर्षा भई रहेको र वर्षातका कारण शहिद मार्ग र भित्री सडकहरुमा समेत ठाउँ ठाउँमा रातको समयमा समेत पहिरो गई सडक अवरुद्ध भई रहेको हुँदा पुनः २०८२।०५।१६ गते बेलुकी ६:०० बजे पछि विहान ५:३० बजेसम्म शहिद मार्ग र भित्री सडकमा २०८२।०५।२५ गतेसम्म रातको समयमा सबै प्रकारका सवारी साधन सञ्चालनमा रोक लगाउने गरी मिति २०८२।०५।१५ गते बसेको जिल्ला सुरक्षा समिति रोल्पाको निर्णयानुसार सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

यस अघि गरिएको निर्णय कार्यान्वयनमा सहयोग गर्नुहुने जिल्ला स्थित सबै राजनीतिक दल, स्थानीय तह, नागरिक समाज, यातायात व्यवसायी, सञ्चारकर्मी, बुद्धिजीवि लगायत सम्बद्ध सबैमा हार्दिक धन्यबाद व्यक्त गर्दै उक्त सवारी आवागमन सञ्चालनमा रोक लगाइएको यस निर्णयको कार्यान्वयनमा समेत सबैको सहयोगको अपेक्षा गर्दछौं ।

नोटः बिरामी बोकेको वा आकस्मिकरुपमा विरामी लिन हिडेको एम्बुलेन्सको हकमा राजमार्गमा रहेका सुरक्षा ईकाईहरुसँग समन्वय गरेर मात्र सञ्चालन गर्न सकिने ।

०५/१५
..............................
(पदम बहादुर डाँगी)
प्रशासकीय अधिकृत